Email: info@siddhalekmun.gov.np
website: siddhalekmun.gov.np

# सिद्धलेक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बुङ्चोक, धादिङ
बाग्मती प्रदेश, नेपाल

पत्र संख्या : २०७६/०७७
चलानी नं. :

## प्रेस विज्ञप्ती

सम्पुर्ण सिद्धलेकबासी दाजुभाई तथा दिदीबहिनीहरु !!!

कारोना भाइरसको महामारीबाट सम्पुर्ण विश्वमा नै सन्त्रास उत्पन्न भएको अवस्था प्रति सबैलाई जानकारी नै छ । नेपाल सरकारको मिति २०७६।१२।५ गते बसेको उच्च स्तरीय समितिको बैठकको निर्णयानुसार र यस सिद्धलेक गाउँपालिका स्तरीय नोभेल कोरोना रोग रोकथाम तथा नियन्त्रण समन्वय समितिको मिति २०७६।१२।६ को निर्णय अनुसार कोरोना भाइरसबाट सुरक्षित रहन निम्न अनुसारका कार्यहरु गर्न गराउन हुन अनुरोध गर्दछौं ।

तपशिल :

१. स्कुल कलेजहरु बन्द गर्ने ।
२. २५ जनाभन्दा बढी एक ठाउँमा भेला नगराउने ।
३. अति-आवश्यक काम बाहेक घरबाट बाहिर ननिस्कने ।
४. भोज भतेर जस्ता सामाजिक कार्यहरु स्थगित गर्ने ।
५. कोरोना भाइरस जस्ता मिल्दा, जुल्दा लक्षण देखिएमा तुरुन्त स्वास्थ्य कर्मीसँग परामर्श गर्ने ।
६. सार्वजनिक यातायातको साधनमा सिट क्षमता भन्दा बढी यात्रु नराख्ने ।
७. हात मिलाउनु भन्दा संस्कार अनुसार नमस्कार गर्ने ।

मिति :२०७६।१२।६

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत

धनेश्वर पौडेल
प्रमुख प्रशासकीय अधिकृत